नेपाल सरकार
समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय
काठमाडौं

# समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय, बुद्धनगर काठमाडौंको ३५ दिने लिलाम बिक्री सम्बन्धी गोप्य सिलबन्दी बोलपत्र आह्वानको सूचना ।

नेपाल सरकारबाट मिति २०८०।११।२९ मा श्री लालिगुराँस बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडलाई समस्याग्रस्त घोषणा गरी सो संस्थाको सम्पत्ति तथा दायित्व व्यवस्थापनका लागि सहकारी ऐन, २०७४ को दफा १०५ अनुसार गठित यस समिति समक्ष लेखी आएकोमा संस्था, संस्थाका ऋणी सदस्य, सञ्चालकहरूबाट बुझाउनुपर्ने साँवा, व्याज, हर्जाना, जरिवाना तिर्न बुझाउनका लागि सहकारी नियमावली २०७५ को नियम ३० को उपनियम (१) दे हाय (क) बमोजिम सूचना प्रकाशित गर्दा समेत आफ्नो दायित्व फरफारक नगरेकाले संस्थाको नाममा दर्ता कायम रहेको तपसिल बमोजिमका जग्गाहरू सहकारी नियमावली, २०७५ को नियम ३० को उपनियम १ को खण्ड(च) बमोजिम चलनचल्तीको मूल्य कायम गरिएको हुँदा कम्तीमा न्यूनतम मूल्यबाट नघट्ने गरी तपसिल बमोजिमको जग्गा खरिद गर्न इच्छुक व्यक्ति, संस्था वा बचतकर्ताबाट यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र गोप्य सिलबन्दी बोलपत्र पेश हुन सहकारी ऐन, २०७४ को दफा १०६ को उपदफा (ज) को अधीनमा रही यसै सूचना मार्फत आह्वान गरिएको छ । शर्त तथा अन्य विस्तृत जानकारीका लागि यस कार्यालयको वेबसाइट: www.coopmc.gov.np बाट हेर्नुहुन समेत जानकारी गराइन्छ ।

**तपसिल**

**(क) लिलाम बिक्री हुने सम्पत्ति र मूल्य:**

| क्र.सं. | सहकारीको नाम | जिल्ला | साविक गा.वि.स. न.पा. / वडा नं. | कित्ता नं. | क्षेत्रफल (रोपनी) | न्यूनतम मूल्य प्रति आना | जम्मा रकम | कैं. |
|---|---|---|---|---|---|---|---|---|
| १. | श्री लालिगुराँस बहुउद्देश्यीय सहकारी संस्था लि. | ललितपुर | भरुवारासी-५ख | ३९९ | ०-१४-३-० | ४,००,०००/- | ५९,००,०००/- | |

## समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय, बुद्धनगर काठमाडौंको ३५ दिने लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

नेपाल सरकारबाट मिति २०८०।११।२९ मा श्री लालिगुराँस वहुउद्देश्यीय सहकारी संस्था लिमिटेडलाई समस्याग्रस्त घोषणा गरी सो संस्थाको सम्पत्ति तथा दायित्व व्यवस्थापनको लागि सहकारी ऐन, २०७४ को दफा १०५ अनुसार गठित यस समिति समक्ष लेखि आएकोमा संस्था, संस्थाका ऋणि सदस्य, सञ्चालकहरुबाट बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना, जरिवाना तिर्न बुझाउनको लागि सहकारी नियमावली २०७५ को नियम ३० को उपनियम (१) देहाय (क) बमोजिम सूचना प्रकाशित गर्दा समेत आफ्नो दायित्व फरफारक नगरेकाले संस्थाको नाममा दर्ता कायम रहेको तपशिल बमोजिमका जग्गाहरु सहकारी नियमावली, २०७५ को नियम ३० को उपनियम १ को खण्ड (च) बमोजिम चलनचल्तीको मूल्य कायम गरिएको हुँदा कम्तीमा न्यूनतम मूल्यबाट नघट्ने गरी तपसिल बमोजिमको जग्गा खरिद गर्न इच्छुक व्यक्ति, संस्था वा बचतकर्ताबाट यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र पेश हुन सहकारी ऐन, २०७४ को दफा १०६ को उपदफा (ज) को अधिनमा रही यसै सूचना मार्फत आव्हान गरिएको छ ।

<u>तपसिल</u>

(क) लिलाम बिक्री हुने सम्पति र मूल्यः

| क्र.सं. | सहकारीको नाम | जिल्ला | साविक गा.वि.स./न.पा./वडा नं. | कित्ता नं. | क्षेत्रफल (रोपनि) | न्युनतम मुल्य प्रति आना | जम्मा रकम | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १. | श्री लालिगुराँस बहुउद्देश्य सहकारी संस्था लि. | ललितपुर | झरुवारासी -५ख | ३९९ | ०-१४-३-० | ४,००,०००।- | ५९,००,०००।- | |

प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०३/३१

**(ख) शर्तहरुः**

१.माथि उल्लेखित जग्गा जे—जस्तो अवस्थामा छ, सोही अवस्थामा खरिद गर्न बोलपत्र पेश गर्नु पर्नेछ ।

२. ईच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र कार्यालय समयमा रु. ३,०००।— बुझाई कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सक्नेछन् ।

३. सूचना प्रकाशित भएको मितिले ३५ औ दिन बेकुकाको ठिक ५:०० बजेसम्म बोलपत्र पेश गरि सक्नु पर्नेछ । यसरी पेश भएका बोलपत्रहरु सोहि दिन बेलुका ५:३० बजे कार्यालयमा बोलपत्रवाला वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। तर बोलपत्रवाला वा निजको प्रतिनिधीको अनुपस्थितीमा बोलपत्र खोल्न बाधा पर्नेछैन ।

४. शिलबन्दी बोलपत्र फाराममा आफुले बोलकबोल गरेको रकम केरमेट नगरी अङ्क र अक्षरमा स्पष्टरुपमा उल्लेख गर्नु पर्नेछ । बोलपत्र दाखिल गरे पछि त्यसमा कुनै किसिमको हेरफेर केरमेट गर्न पाइने छैन र बोलपत्र शर्त रहित हुनु पर्नेछ ।

५. बोलपत्र पेश गर्ने व्यक्तिको हकमा निजले नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र फर्म, संगठित संस्था वा कम्पनीले इजाजतपत्र, दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर, आयकर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सहित स्वयं वा निजको प्रतिनिधी उपस्थित हुनु पर्नेछ ।

६. ईच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले कबुल गरेको अङ्कको १० (दश) प्रतिशत रकम कृषि विकास बैंक लिमिटेड, पुतलीसडकमा रहेको *समस्याग्रस्त सहकारी व्यवस्थापन समिति लालिगुराँस*को बैंक खाता नं. *०२०९९०५४७२४३३०१६* मा जम्मा गरि सोको सक्कलै भौचर बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

७. ईच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीको नाममा खरिद भएको बोलपत्र अर्को व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीको नामबाट पेश गर्न पाइने छैन ।

८. इच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले एक्लै वा संयुक्त उपक्रम मार्फत बोलपत्र प्रक्रियामा सहभागी हुनु पर्नेछ । यसरी सहभागी हुन चाहने वढिमा ३ (तीन) व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीको मात्र संयुक्त उपक्रममा सम्झौता मान्य हुनेछ । साथै, सो उपक्रममा सम्झौताको प्रति बोलपत्रसाथ अनिवार्य रुपमा सलग्न गर्नु पर्नेछ ।

९. जग्गा सकार गर्ने पक्षले नेपाल सरकारलाई तिर्न बुझाउनु पर्ने कर तथा दायित्व सम्पूर्ण भुक्तान गर्नु पर्नेछ ।

१०. बोलपत्र सम्बन्धि निर्णयगर्ने पुर्ण अधिकार यस समितिमा निहित रहने छ ।

